Received Date: Jan. 2022 Revised: Feb. 2022 Accepted: Mar. 2022

# ‘पागल बस्ती’ उपन्यासको दार्शनिक चिन्तन

**शोभाकुमारी ढुङ्गाना**
पाटन संयुक्त क्याम्पस (त्रि.वि.), पाटनढोका, ललितपुर
Email : dhunganashova052@gmail.com

**लेखसार**

*प्रस्तुत शोध लेखमा सरुभक्तको अहम्युक्त शून्यवादी दार्शनिक चिन्तनलाई आधार मानेर ‘पागल बस्ती’ उपन्यासको अध्ययन गरिएको छ । यस लेखमा वर्णनात्मक, विश्लेषणात्मक विधि अपनाइएको छ । यो प्रेम र अहम्को वैचारिक द्वन्द्वमा आधारित उपन्यास हो । सङ्गै उच्च शिक्षा अध्ययन गरिरहेकी बालसखा मार्थासमक्ष प्रेमको प्रस्ताव राख्दा अस्वीकृत भएपछि अत्यन्त मर्माहत भएको प्रशान्तले घरपरिवार र पढाइसमेत त्यागेर बेपत्ता भएपछिको घटना नै उपन्यासको कथावस्तु हो । आफूले प्रेम प्रस्ताव अस्वीकार गरेकीमा क्षमा याचना गरी प्रशान्तसँग विवाह प्रस्ताव राख्न चाहने मार्था र पागल बस्तीमा आएपछि जन्मान्तरण भएको चर्चा गर्दै अहम् नै परमसत्य हो भन्ने प्रशान्तबिचको वैचारिक द्वन्द्व नै उपन्यासको मूल कथ्य हो । ‘पागल बस्ती’ शीर्षक राखिएको भए पनि यो पागलहरूको बस्ती होइन । पागल बस्ती प्रेमबाट दुर्घटित भएका,बाध्य भएर वेश्यावृत्ति छाडेर आएका, कुष्ठरोग लागेर समाजबाट बहिष्कृत भएका र विभिन्न कारणबाट दुःख पाएकाहरूको आश्रयस्थल हो । यहाँ श्रमशाला, आदि आरोग्य शाला, आदि विज्ञान शाला, शिक्षण शाला खोलिएको छ । दर्शन शिक्षण शालाअन्तर्गत आदिगुरु प्रशान्तबाट अहमयुक्त शून्यवादको प्रशिक्षण दिइन्छ । प्रेम गर्नुपर्छ, तर क्षतिपूर्तिमा विश्वास गर्नुहुँदैन भनी अहमयुक्त शून्यबोधबाट नै मानिस परम ज्ञानी, स्वतन्त्र एवं सृजनशील बन्न सक्दछ भन्ने प्रशान्तको धारणा छ । आफुले चाहेजस्तो नहुने बित्तिकै जीवनदेखि नै विरक्तिएर बेपत्ता हुनु जन्मान्तरण भएको घोषणा गर्नु र अहम् शून्यलाई जीवन दर्शन बनाउनु जस्ता घटनाबाट एकातिर जीवनको मूल्य र मान्यता विरोधी चेतनाको विकास भएको पाइन्छ, तर पनि पाश्चात्य शून्यवादमा जस्तो उसले जीवनलाई उद्देश्यहीन र मृत्युन्मुखी बनाएको छैन, उसमा बौद्ध दर्शनको निश्वार्थ सेवा, प्रेम र करुणामूलक सकारात्मक जीवनदृष्टिको अभिव्यञ्जनाद्वारा मानवीय अहम्को चेतना जगाउने इच्छा जागृत भएको छ ।*

**शब्दकुञ्जिः** आदिमाता, आदिगुरु, जन्मान्तरण घोषणा, आदिमहोत्सव, गुरुमहोत्सव ।

## परिचय

बहुविधाका सर्जक सरुभक्त (वि.सं. २०१३) नेपाली साहित्यका सुपरिचित स्रष्टा हुन् । उनीद्वारा लिखित ‘पागल बस्ती’ वि.सं. २०४८ सालमा प्रकाशित भएर त्यसै वर्ष मदन पुरस्कारबाट सम्मानित औपन्यासिक कृति हो । गम्भीर, चिन्तनशील, स्वतन्त्र, मौलिक एवं वैज्ञानिक दृष्टिकोणबाट साहित्य लेखन गर्ने सरुभक्तको नाट्यक्षेत्रमा समेत विशेष प्रसिद्धि रहेको पाइन्छ । नेपाल प्रज्ञा–प्रतिष्ठानद्वारा वि.सं. २०४२ सालमा सञ्चालित नाटक महोत्सवमा सर्वश्रेष्ठ नाटककारको सम्मान पाएका सरुभक्तका ‘युद्ध उही ग्यास च्याम्बरभित्र’ (पूर्णाङ्की), ‘शिशिरका अन्तिम दिनहरू’ (एकाङ्कीसङ्ग्रह), ‘एस धम्मो सतं तनो’ (पूर्णाङ्की) आदि नाट्यकृतिहरू प्रकाशित भएका छन् । उनका ‘खामभित्र’ (मुक्तसङ्ग्रह), ‘बोक्सीको आह्वान र घोषणापत्र’ (कवितासङ्ग्रह) आदि कृतिहरू प्रकाशित छन् । ‘अविनवको आत्मकथा र छोरी ब्रह्माण्ड’ यिनका विज्ञान कथासङ्ग्रह हुन् ।

छुट्टै संसारको प्रयोग गरी पाठकका मन–मस्तिष्कलाई आश्चर्यचकित बनाउने यिनको औपन्यासिक कृति 'पागल बस्ती' नेपाली उपन्यास परम्परामा एउटा नौलो प्रयोग हो । ज्ञान विज्ञानका विविध विषयमा गम्भीर चिन्तन मनन गर्ने सरुभक्त शून्यवादी दर्शनमा आस्था राख्दछन् । उनले वैयक्तिकतालाई प्रमुखता दिएर अहमयुक्त शून्यवादी दार्शनिक सिद्धान्तको प्रतिपादन गरेका छन् । प्रस्तुत 'पागल बस्ती' उपन्यासमा शून्यवादी दर्शनको प्रयोग कसरी भएको छ भन्ने जिज्ञासामा केन्द्रित भएर अध्ययन विश्लेषण गर्नु यस शोध लेखको मुख्य उद्देश्य रहेको छ ।

## अध्ययन विधि

प्रस्तुत शोध लेखका निम्ति पुस्तकालयलाई प्रमुख आधार बनाइएको छ । प्राथमिक सामग्रीका रूपमा विवेच्य कृति पागल बस्तीलाई नै विश्लेषणको आधार बनाइएको छ । सरुभक्तको अहमयुक्त शून्यवादी दर्शनको अवधारणालाई प्रमुख आधार बनाएर अध्ययन गरिएको यस लेखमा पूर्व र पश्चिमी साहित्यमा देखा परेका शून्यवादी दर्शनसम्बन्धी लेख तथा पुस्तकहरूलाई द्वितीय सामग्रीका रूपमा चयन गरिएको छ । यस शोध लेखलाई व्यवस्थापनपूर्वक अध्ययन गरी निष्कर्षमा पुर्याउनका निम्ति वर्णनात्मक र विश्लेषणात्मक विधि अपनाइएको छ ।

## सैद्धान्तिक पर्याधार

शून्यवाद दार्शनिक चिन्तन हो । 'दृश्' धातुमा 'अन' प्रत्यय लागेर 'दर्शन' शब्द बनेको छ । जीवन र जगत्लाई हेर्ने दृष्टिकोण नै दर्शन हो । विश्वमा मूलतः अध्यात्मवाद र भौतिकवाद गरी मूलतः दुई दृष्टिकोण रहेका छन् । अध्यात्मवादी दर्शनले जीवन र जगत् ईश्वर वा कुनै अलौकिक शक्तिद्वारा सञ्चालित छ । यसले स्वर्ग, नरक, पाप, धर्म, जन्म र पुनर्जन्मका कुरामाथि विश्वास गर्दछ । यसले संसारलाई क्षणभङ्गुर, भ्रमात्मक र मायात्मक ठान्दछ । भौतिकवादले जीवन र जगत् कुनै अलौकिक शक्तिद्वारा सञ्चालित भएको मान्दैन । यो अध्यात्मवादको विपरीत धारामा प्रवाहित चिन्तन हो । भौतिकवादले संसार वस्तुगत नियमद्वारा सञ्चालित सदा गतिशील भौतिक तत्त्वद्वारा निर्मित भएको ठान्दछ । यसले ईश्वरको अस्तित्व मान्दैन । यसले परलोक र आत्माको नित्यतालाई पनि मान्दैन ।

सभ्यताको विकासक्रमसँगै अध्यात्मवाद र भौतिकवादी दृष्टिकोणसँगै गासिएर विभिन्न दार्शनिक चिन्तन तथा अवधारणाहरूको विकास हुँदै आएको छ । भौतिकवादी चिन्तनको जगमा टेकेर शून्यवादको जन्म भएको हो । शून्यवाद पूर्व र पश्चिम दुवैतिरका धार्मिक ग्रन्थ तथा साहित्यमा विविध ढङ्गले प्रयोग भएको पाइन्छ । शून्य शब्दको अर्थ केही पनि छैन भन्ने हो । ईश्वरको पनि कुनै अस्तित्व छैन । न त आत्माको अस्तित्व छ । सम्पूर्ण जगत् शून्य छ । बौद्ध दर्शनको माध्यमिक शाखाका नागर्जुनले शून्य शब्दको प्रयोग गरेका छन् । उनका अनुसारः जगत्को प्रत्येक वस्तु कनै न कुनै वस्तुमा आश्रित छ निरपेक्ष छैन, त्यसैले यसलाई सत्य मान्य सकिँदैन । त्यसकारण त्यो असत्य होइन । सत्य र असत्य दुवै हो पनि भन्न सकिँदैन । न सत्य हो न असत्य हो भन्नु पनि आत्मविरोधी हुन्छ । वस्तुहरू चारमध्ये कुनैमा पनि नपर्ने हुनाले तिनलाई शून्य भनिन्छ (आचार्य, २०७२, पृ. ८०–८१) । नागार्जुनको शून्यताको अर्थ हो प्रतीत्यसमुत्पाद , विश्व र त्यसका समान जड चेतन वस्तुहरू कुनै पनि स्थिर, अचल तत्वरहित एकदम शून्य छन् (आचार्य, २०७३, पृ. ८०–८१) । प्रतीत्यसमुत्पन्नको अर्थ हो कारण र कार्यको शृङ्खला । यसले एक अर्का माथिको निर्भरतालाई जान्ने हुँदा कारण र कार्य एक अर्कामा पराश्रित हुने हुनाले उनीहरूको परनिर्भरता र अनिर्वणनीयता नै शून्य हो । नागार्जुनका दृष्टिमा शून्यका अतिरिक्त केही छैन । सबै शून्य छ तर यो शून्यको अर्थ निषेधात्मक भने होइन । सत्य छ सत्य छैनबिचको रिक्त स्थान नै शून्य हो । यसरी एक अर्कामा निर्भर रहने हुनाले शून्यतालाई सापेक्षवाद पनि भनिन्छ ।

अद्वेत वेदान्ती शङ्कराचार्यले भनेका छन्ः ब्रह्म नै एकमात्र सत्य हो जगत् मिथ्या हो जीव र ब्रह्म अभिन्न हुन् (साङ्कृत्यायन, १९६१, पृ. ८३४) । जुन आँखाले देख्न सकिँदैन अर्थात् जसको अस्तित्व छँदै छैन त्यो ब्रह्म र जुन आँखाले

देखिन्छ अर्थात् जसको अस्तित्व छ त्यो मिथ्या भनेका हुनाले अस्तित्वमा नरहेको वा आँखाले देख्न नसकिने ब्रह्म शब्द र नागार्जुनले उल्लेख गरेको शून्य शब्द समान रहेको देखिन्छ । शून्य शब्द पूर्वीय दर्शन तथा विभिन्न धार्मिक ग्रन्थ वा साहित्यमा समेत विभिन्न अर्थमा प्रयोग भएको छ ।

पश्चिममा शून्यवाद शब्द (नाइलिज्म) लेटिन भाषाबाट आएको हो । अङ्ग्रेजीको निहिलिज्म शब्दको नेपाली रुपान्तरण नै शून्यवाद हो । यसको अर्थ केही पनि छैन भन्ने हो । शून्यवाद पश्चिममा इशाको उन्नाइसौँ शताब्दीदेखि एक बौद्धिक आन्दोलनका रूपमा प्रस्फुटित भएर बिसौँ शताब्दीमा सर्वत्र पैmलिएको पाइन्छ । सर्वप्रथम पश्चिममा शून्यवादको थालनी रुसबाट भएको थियो । साहित्यमा शून्यवाद शब्दलाई प्रवेश गराउने पहिलो व्यक्ति इवान तुर्गनेव मानिन्छन् । उनले पिता र पुत्र शीर्षक उपन्यास (इ. १८६२) मा शून्यवादी धारणा प्रस्तुत गरेका थिए (कुडन, सन १९९२, पृ .५४७ ) । १९ औँ शताब्दीको अन्त्यतिर शून्यवाद मृतवत भइसकेको थियो । बिसौँ शताब्दीमा विश्वयुद्धको पृष्ठभूमिमा शून्यवाद यत्रतत्र फैलियो । नित्सेको ईश्वर मर्यो भन्ने चिन्तनका साथ देखापरेको पश्चिमी शून्यवाद जीवन र जगत्प्रति ध्वंसात्मक तथा नकारात्मक अर्थमा आएको हो । पाश्चात्य साहित्यमा बीसौँ शताब्दीमा समालोचनाका क्षेत्रमा प्रचलित शून्यवाद विसङ्गतिवादका नामबाट प्रचलित रहेको पाइन्छ । यस वादका प्रमुख चिन्तकहरूमा जाँ पाल सात्र, अल्बर्ट कामु, विलियम आई ओलिभर मानिन्छन् । पश्चिमी शून्यवादले जीवन निरुद्देश्य असङ्गत, निस्सार, अर्थहीन,, निराशामय र मृत्युन्मुखी भएको ठान्दछ ।

विसङ्गतिवाद (शून्यवाद) कै पृष्ठभूमिमा अस्तित्ववादी (एक्जिस्टोन्सियालिज्म) शून्यवादी दार्शनिक चिन्तमको जन्म भयो । यसले निरुद्देश्य असङ्गत, निस्सार, अर्थहीन,, निराशामय जीवनका बिच पनि मानिसले जीवनको अर्थ खोज्दै आफ्नो क्रियाशीलता अगाडि बडाउँनुपर्दछ । यसले आफ्नो जीवनको निर्णयको चयनकर्ता स्वयम् मान्छे हो,त्यसैले आफ्नो कार्यका निम्ति ऊ स्वयम् जिम्मेवार हुन्छ भन्ने ठान्दछ । यस वादका प्रमुख चिन्तकहरूमा सोरेन किर्केगार्ड, जाँ पाल सात्र,अल्बर्ट कामु हुन् । अस्तित्ववादलाई क्रिस्चियन (आस्तिक र निरिश्वरवादी (नास्तिक) गरी दुई प्रकारमा विभाजन गरिएको पाइन्छ ।

**सरुभक्तको अहम्युक्त शून्यताको सिद्धान्त**

नेपाली साहित्यका गम्भीर चिन्तक सरुभक्त शून्यवादी दर्शनमा आस्था राख्दछन् । उनले वैयक्तिकतालाई प्रमुखता दिएर साहित्यलाई अहम्युक्त शून्यताको सिद्धान्तको रूपमा प्रतिपादन गरेका छन् । मानवीय अहम् नै सर्वोपरी हो भन्ने उनको मान्यता रहेको छ । वैयक्तिक प्रस्तुतिको साहित्यिक आन्दोलन शून्यवाद हो र यसले कुनै सापेक्ष यथास्थितिको विरोध नगरिकन दर्शन र साहित्यको विकास प्रक्रियामा नवीन क्षितिजहरूको उद्घाटन गर्दछ (शर्मा, २०५१, पृ. २१६) । यसरी वैयक्तिक प्रस्तुतिको साहित्यिक आन्दोलनका रूपमा शून्यवादी दर्शनको प्रयोग भएको र यसले साहित्यको विकासमा नयाँ नयाँ कुराको खोजि गर्दछ भन्ने मत शर्माको रहेको छ । शून्य शब्दको प्रयोग पूर्व र पश्चिमी साहित्यमा विभिन्न ढङ्गले गरिएको भए पनि लेखकले आफ्नो शून्यवादको सिद्धान्तलाई कसैको अनुकरण नभएर मौलिक र स्वतन्त्र प्रयोग ठानेका छन् । उनले यो सिद्धान्त इतिहासभित्रको इतिहास शीर्षक नाटकको अग्रभागमा शून्यवादी रङ्गमञ्च शीर्षकमा प्रस्तुत गरेका छन् । उपाध्यायले नेपाली नाटक र नाटकको पुस्तकमा सरुभक्तको शून्यवादी सिद्धान्तको धारणा यसरी प्रस्तुत गरेका छन्ः “शून्यवाद उनको एक प्रयोगात्मक दर्शन हो र यो समग्र दर्शनका रूपमा छ । यिनको यस शून्यवादको उद्गम स्रोत बौद्ध दर्शनमा पाइने माध्यमिक दर्शन हो र त्यसैले यिनी गौतम बुद्ध र नागार्जुनका ऋणी छन् तर यिनको शून्यवाद उनीहरूको शून्यवादको अनुकरण होइन भन्ने यिनको स्पष्टीकरण हो” (२०६१, पृ. १९६) । सरुभक्तको शून्यवाद बौद्ध दर्शनको माध्यमिक शाखाबाट प्रभावित भए पनि उनीहरूको शून्यवादको अनुकरण नभएर स्वतन्त्र र मौलिक छ भन्ने उपाध्यायको मत रहेको छ ।

शिशिरका अन्तिम दिनहरूको भूमिकामा सरुभक्तले शून्यवादी रङ्गमञ्चको खोज शीर्षकमा शून्यवादी सिद्धान्तका मान्यताका सन्दर्भमा प्रस्तुत गरिएका केही बुँदाहरूलाई यथावत्रुपमा उपाध्यायले 'केही नेपाली नाटक र नाटककार पुस्तकमा यसरी उल्लेख गरेका छन् :

- यस पृथ्वीमा मानव जाति मानवीय अहम् (Human Ego) को सन्तुष्टिका लागि जन्मने गर्दछ । प्रत्येक युगमा मानव जातिको इतिहास अहम् सङ्घर्षको इतिहास हो । मानव जातिको इतिहासको निर्माण ऐतिहासिक अहम्द्वारा भएको छ । हाम्रो मानवता अहम् केन्द्रित मानवता हो ।
- अहमकेन्द्रित मानवताका अभिव्यञ्जनाहरू परिवर्तनशील छन् । शून्यवादी साहित्यले अहम्को अभिव्यक्तिका नवीन क्षितिजहरूको खोजी गर्दछ ।
- साहित्यिक बुद्धत्वको अवस्था सापेक्ष शून्यताको अवस्था हो र यो शून्यवादी साहित्यको अन्तिम लक्ष्य हो ।
- सम्पूर्ण मानव सभ्यता प्रेम, घृणा, यौन र भोक यी मानवीय अहम्का प्रमुख अभिव्यक्तिहरूमा सापेक्ष रहेका छन् र म सोच्दछु यी सोपक्षतामा परिवर्तन आवश्यक छ ।

मानवीय अहम्लाई सम्पूर्ण स्वतन्त्रतासहित सृजनशील हुन दिनुपर्दछ भन्ने मेरो माग हो । म यहाँ सापेक्षित स्वतन्त्रताको माग होइन, सापेक्ष सापेक्षतावादी स्वतन्त्रताको माग गरिरहेको छु (उपाध्याय, २०६१, पृ. २०१–२०२) ।

सरुभक्तले शून्यवादी सिद्धान्तको प्रथम घोषणा शून्यवादी रङ्गञ्चको खोज शीर्षकमा प्रस्तुत गरेका हुन् । उनको यो साहित्य सिद्धान्त नाट्यसाहित्यमा मात्र नभएर उपन्यासमा पनि प्रयोग भएको छ ।

सरुभक्त बौद्ध दर्शनबाट मात्र नभएर उपनिषद्का दार्शनिकहरूबाट पनि प्रभावित रहेका छन् भन्ने कुरा उनका यी भनाइबाट पुष्टि गर्न सकिन्छ । वस्तुत मेरो शून्यता अहम्को शून्यता हो । जति दार्शनिक चिन्तनमा म बौद्ध दर्शनप्रति ऋणी छु त्यति नै अहम् अवधारणा उपलब्धिका लागि उपनिषद्का दार्शनिकहरूप्रति , अहम् फ्रायड र फिस्टेका 'इगो' समानान्तर नरहिकन उपनिषद्का सर्व खल्विदं ब्रह्म र अहम् ब्रह्मास्मि समानान्तर रहेको छ (उपाध्याय, २०६१, पृ. २०३) । यो फ्रायड र फिस्टेका 'इगो' समानान्तर नरहिकन बौद्ध दर्शन र बेदान्तीय दर्शनसगँ समानान्तर रहेको छ भन्ने मत उपन्यासकारको रहको छ ।

गम्भीर चिन्तक सरुभक्तद्वारा परिकल्पित शून्यवाद पूर्वीय  र पाश्चात्य ज्ञान विज्ञान र कलासम्बन्धी वाङ्मयको अध्ययन मनन गरी तयार गरिएको नौलो सिद्धान्त हो । अहम्युक्त मानवताबाट नै मानव जीवन सार्थक बन्दछ र शून्यवादी साहित्यले अहम्को अभिव्यक्तिका नवीन क्षितिजहरूको खोजी गर्दछ भन्ने धारणा उपन्यासकारको रहेको छ । यसमा नागार्जुनको शून्यवाद, शङ्कराचार्यको  बेदान्तीय दर्शनको प्रभाव परेको देखिन्छ । यसमा बौद्ध दर्शनको प्रेम, करुणा, निर्वाणपरक, परिवर्तनशील एवं सकारात्मक जीवनदृष्टिको अभिव्यञ्जनाद्वारा सम्पूर्ण मानवमा अहम्को चेतना जगाउने इच्छा जागृत भएको पाइन्छ । यो ध्वंसात्मक, अर्थहीन, निरर्थक, निरूपाय, निस्सार एवं निराशाजनक जीवनदृष्टि भएको पश्चिमी शून्यवाद (निहिलिस्ट) को अभिव्यञ्जना दिने शून्यवाद होइन, तर पनि यसैको पृष्ठभूमिमा देखा परेको सात्रको विसङ्गतिवादी अस्तित्ववादी दार्शनिक चिन्तनको पनि कुनै न कुनै रूपमा प्रभाव परेको पाइन्छ । सरुभक्तको यिनै दार्शनिक चिन्तनमा केिन्द्रत रहेर  'पागल बस्ती' उपन्यासको विवेचना गरिएको छ ।

**'पागल बस्ती' उपन्यासको कथावस्तु**

'पागल बस्ती' शून्यवादी दर्शनमा आधारित उपन्यास हो । दुई भागमा विभक्त यस उपन्यासको पहिलो भागमा नौ परिच्छेद र दोस्रो भाग चालिस परिच्छेदमा विभक्त भएको छ । उपन्यासको पहिलो भाग पृष्ठभूमि भाग हो भने दोस्रो भाग उपन्यासको मूल भाग हो । नौ डाँडाको बस्तीमा अवस्थित चिया पसलमा चिया पिउँदै पसलेसँग कुरा गर्ने सन्दर्भमा कथावस्तुको प्रारम्भ भएको छ । यहाँ पत्रकार (म पात्र) गोरा युवक युवती, स्थानीय ग्राहकहरू, मगन्ते आदिको जमघट देखिन्छ । यसैबेला

बहुला भउतेको उपस्थितिले वातावरण खलबलिन्छ । यहाँ दिन दिनको बहुला भउतेको उपद्रोले गर्दा पागलहरू सब सखाप नभएको भए पागल खानामा लगेर जाक्नु हुन्थ्यो भन्ने चर्चा गाउँलेहरूबाट भएको छ । भउतेको उपद्रोबाट भएका उत्तेजना सकिएपछि एकजना रैथाने गफ लाउने अन्दाजमा बोल्न थाल्दछ । "उहिले क्या तीस पैँतीस वर्ष पहिलेको कुरो नौ डाँडाको पाखोमा एउटा पागल खाना थियो । पागलहरू मिलेर बनाएको सानो बस्ती हाम्रा बाउबाजेहरू त्यसलाई पागल बस्ती भन्थे । सबै बहुला, सन्काहरू हावा खुस्केका सबै मरे मासिए भउतेलाई त्यहीँ लगेर जाक्नु पर्ने थियो" (पृ.८) । पागल बस्तीको प्रसङ्गले म पात्र ( पत्रकार) को मनमा एक प्रकारको जिज्ञासा उत्पन्न हुन्छ । उनले त्यहीँ बसिरहेका एकजना शिक्षकलाई पागल बस्तीको कुरा कथै मात्र हो कि भनी प्रश्न गर्दा शिक्षक भन्छन्ः हामी केटाकेटी छँदाखेरिको कुरा हो पागल प्रकृतिका मान्छेहरूले बस्ती बसाएकै थिए । एक दिन अचानक ती बेपत्ता भए (पृ. ९) । शिक्षक फेरि भन्दछन्ः "एउटा हल्ला के पनि छ भने पागलहरूका गुरु एउटी सुन्दरी तरुनीको प्रेममा फसेछन् । तरुनी अझ अनिद्य सुन्दरी थिइ रे । खुद मेरो काकाले भन्नु भएको देख्ने बुढाहरू थुप्रै छन् । एक दिन भन्नुहोला सुन्दरी बस्ती छाडेर हिँडिदिइछ । सबै विरह व्यथाले झन् पागल भएछन् । अनि हिमालतिर लागेछन् । त्यही सबै मिली आत्महत्या गरे भन्छन्" (पृ. १०) । यसरी पागल बस्तीको कथावस्तको सुरुवात भएको छ । पागल बस्तीको प्रसङ्गले उत्सुक बनेको म पात्र स्थलगत निरीक्षण गर्ने उद्देश्यले गाइडसँग पागल बस्ती भएको स्थानमा पुग्दछन् । त्यहाँ पुगेपछि पागलहरूका भूतले सताइएका विभिन्न प्रसङ्गहरू सुनेपछि बस्तीभित्रै नपसी बाहिरबाटै फोटो खिचेर भागेको प्रसङ्ग अत्यन्त रोचक एवं मनोवैज्ञानिक देखिन्छ । पागल बस्तीकी नायिका मार्था जीवितै छ भन्ने सुनेर उसलाई खोज्न पोखराको पृथ्वीनारायण क्याम्पस पुग्दछ । त्यहाँ उसको मार्था र मेरी दुई वृद्धासँग भेट हुन्छ । पागल बस्तीको उत्खननका निम्ति शब्दबाट नभएर चित्रकलाकी पारखी मार्थाद्वारा पागल बस्तीबारे बुझ्नु पर्ने अत्यन्त नौलो एवं रोचक प्रसङ्गबाट उपन्यासको पहिलो भाग समाप्त भएको छ ।

उपन्यासको मूल कथावस्तु दोस्रो भागमा संरचित छ । यसको विषयवस्तु पनि त्यत्तिकै नौलो र अनौठो छ । यस उपन्यासका प्रमुख चरित्र आदिगुरु प्रशान्त र आदिमाता मार्था हुन् । यिनीहरू बालसखा हुन् । यिनीहरू दुवैले विद्यालयदेखि विश्वविद्यालयसम्म सँगै पढेका हुन् । अन्तर्मुखी चरित्र भएको प्रशान्तले स्कुल जीवनदेखि नै मार्थालाई चाहन्थ्यो तर उसले यो कुरा मार्थासमक्ष कहिल्यै प्रकट गरेन । मार्थाले पनि उसको मनको कुरा पत्तो पाइन । विश्वविद्यालयमा अध्ययन गर्न थालेपछि प्रशान्तद्वारा एक्कासी बिहेको प्रस्ताव आउँदा मार्थाले अस्वीकार गरी । प्रेमलाई जीवनको प्रमुख आधार ठान्ने प्रशान्तको अहम्ले मार्थाको अस्वीकारोक्तिलाई पचाउन सकेन । ऊ घर, परिवार, पढाइ सबै छाडेर बेपत्ता भयो । कता गयो कता कसैलाई पनि थाहा भएन । मार्थाले प्रशान्त बेपत्ता हुनुको प्रमुख कारण आपैm भएको ठानी पश्चाताप गर्न थाली । विस्तारै प्रशान्तसँग प्रेम गर्न थालेकी मार्था प्रशान्तलाई खोज्दै हिँड्ने क्रममा पागल बस्ती पुग्छे । त्यहाँ उसको पहिलो भेट कुकुर्नी बिन्दुसँग भएको प्रसङ्गबाट मूल कथावस्तुको सुरुवात भएको छ । त्यसपछि एउटी कुरूप नारी मैचाङसँग उसको परिचय हुन्छ । उसै मार्फत् बस्तीमा आदिगुरुका नाममा सम्मानित प्रशान्तसँग मार्थाको भेट हुन्छ । मार्था ससम्मान आदि मन्दिरमा बस्न थाल्छे भने प्रशान्त आदिगृहमा बस्छ । मार्थालाई आदिमाता भनेर सम्मान गरिन्छ । प्रेम मिलनको आशा बोकेर प्रशान्तलाई भेट्न आएकी मार्थाले प्रशान्तसँग क्षमा माग्दै प्रेमको प्रस्ताव राख्छे । तर प्रेमबाट अस्वीकृत भएर घायल भएको प्रशान्त भने अहम् नै परम सत्य हो भनी प्रेमको क्षतिपूर्ति हुन सक्दैन भन्दछ । प्रेम र अहमका बिचको वैचारिक द्वन्द्वमा प्रशान्तले अहम् नै आफ्नो जीवन दर्शन भएको बताउँछ । अन्त्यमा मार्थालाई कुनै एउटा सज्जन केटोसँग बिहे गरेर घरजम बसाउने सल्लाह दिएपछि मर्माहत बनेर पागल बस्ती छाडेर हिँडेकी घटना नै उपन्यासको मूल कथावस्तु हो ।

**'पागल बस्ती' उपन्यासमको दार्शनिक चिन्तन शून्यवाद**

'पागल बस्ती' सरुभक्तको अहम्युक्त शून्यवादी दर्शनमा आधारित उपन्यास हो । उपन्यासको शीर्षक पागल बस्ती भए पनि वास्तवमा यो पागलहरूको बस्ती होइन । यहाँ प्रेमबाट दुर्घटित भएर आहत महसुस गरेका, वेश्यावृत्ति गरेर पछुताएका,

कुष्ठरोग लागेर समाजबाट बहिष्कृत भएका, छोराछोरीबाट प्रताडित भएर घर छाड्न विवस भएका दुःखीहरूको जमघट भएको बस्ती हो । पागल बस्तीको आफ्नै स्वतन्त्र संसार छ । यहाँ आदि शिक्षणशाला, आदि श्रमशाला, आदि आरोग्यशाला, आदिविज्ञान शालाको निर्माण गरिएको छ । श्रामशालामा डोको, नाम्लोजस्ता अनेक घरेलु सामान बुन्ने गरिन्छ अनि वर्षको एकपटक पोखराको बजारमा लगेर बेच्ने गरिन्छ । आरोग्य शालामा कुष्ठ रोगीहरूको उपचार हुन्छ । यहाँ जन्मान्तरण महोत्सव आदिगुरु महोत्सव जस्ता विभिन्न महोत्सवहरू हुन्छन् । यहाँ दर्शन शिक्षाको विशेष महत्त्व छ, जसको अभिभारा प्रशान्त आफ्नै लिएको छ । दर्शनशिक्षणअन्तर्गत पहिलो पुनर्विचार सत्र, दोस्रो पूर्णाहुती सत्र र तेस्रो शून्य सत्र सञ्चालित हुन्छन् । ज्ञान–विज्ञानका विषयमा चिन्तन मनन गरिन्छ । आदि शिक्षणशालामा निरक्षरलाई अक्षारम्भ गराउने र शिक्षा प्राप्त व्यक्तिहरूलाई बौद्धिकताको स्थितिअनुरूप जगत्सम्बन्धी भौतिक शिक्षा दिइन्छ । यसमा उत्तीर्ण हुनेहरूलाई दर्शन को शिक्षण गराइन्छ । दर्शन शिक्षणमा विशिष्टता हासिल गरेपछि आदिगुरुबाट जन्मान्तरण घोषणा हुन्छ । जन्मान्तरणप्राप्त शिक्षार्थीलाई आदिज्ञानको दीक्षा प्रदान गरिन्छ । त्यसपछि उसलाइ बस्तीमा बस्न दिइदैन ऊ आजीवन ज्ञानको बत्ती बाल्दै विश्व परिभ्रमण गरिरहनेछ (६९) । उपन्यासकार स्वयमले पनि भूमिकामा (सापेक्ष) यस उपन्यासलाई "यो आत्मकथा होइन, विचार कथा हो" भनेका छन् । आपूmले प्रशान्तको प्रेम प्रस्ताव अस्वीकार गरेकीमा क्षमा याचना गर्दै प्रशान्तसँग विवाह प्रस्ताव राख्न चाहने मार्था र घरपरिवार र उच्च शिक्षाको पढाइ छाडेर पागल बस्तीमा आएपछि आफ्नो जन्मान्तरण भएको चर्चा गर्दै अहम् नै परमसत्य हो भन्ने प्रशान्त यी दुईबिचको वैचारिक द्वन्द्व नै यस उपन्यासको मूल कथा हो । पागल बस्ती प्रवेश गरेकी मार्थालाई स्वागत गर्दै प्रशान्त भन्दछ– बस्तीमा आदिमाताको यो आगमन हाम्रो अहोभाग हो (४४) ऊ फेरि भन्दछः आदिमाता हाम्री आस्थाकी प्रतीक हुन्, चरित्रको केन्द्रबिन्दु हुन् । हाम्रो सम्पूर्ण व्यवहार जीवन कहानीको उद्गम स्रोत हुन् । हाम्रो सम्पूर्ण अहम् चेतना र अस्तित्व आदिमाता प्रेरित र प्रभावित छन् (४४) । सम्पूर्ण अहम् केन्द्रित चेतना र अस्तित्व आदिमाताबाट प्राप्त प्रेरणा हो भन्ने प्रशान्तको भनाइ रहेको छ । मार्थाको आगमनभन्दा अघि नै आदि मन्दिरको व्यवस्था गरिएको छ । त्यहाँ आदिमाताको वन्दना, ध्यान र पूजा अर्चना गर्नका निमित्त विशाल कक्षबाहेक आदिमाताको निवासका लागि आवश्यक सम्पूर्ण सुविधाहरू जुटाइएका हुन्छन् । आदिमाताको लागि एक अन्तकक्ष निर्माण गरी राखिएको हुन्छ । यो देखेर मार्थाको मनमा प्रश्न उठ्छ । "आखिर यो सबै कुरा किन ? के प्रशान्तलाई मेरो आगमनका पूर्वानुमान थियो ? के प्रशान्तलाई मेरो प्रतीक्षा नै त थिएन ?" (५०) । त्यसपछि "प्रशान्त तिमीलाई मेरो आगमनका आशा नभए मन्दिरको नाममा यस्ता कोठाहरू निर्माण किन गरिराख्छौ ?" भनी प्रश्न गर्दछिन् । यसबाट प्रशान्तको अहम्ले घर, परिवार र पढाइ छाडेर आए पनि उसको अभ्यन्तरमा मार्थाप्रति अटल प्रेम थियो र ऊ आज पनि मार्थालाई त्यतिकै प्रेम र सम्मान गर्दछ भन्ने बुझिन्छ ।

पागल बस्तीमा मार्थाले आदिमाताको सम्मान तपाई तर चाहेको कुरा प्राप्त गर्न सकिन । मार्था आत्मप्रायश्चित गरेर गुमेको प्रेम प्राप्त गर्न चाहन्छे तर मानवीय अहमद्वारा निर्मित शून्यबोधबाट नै मानिस मौलिक स्वतन्त्र एवं सृजनशील बन्न सक्छ भन्ने प्रशान्तको धारणा छ । त्यसैले उपन्यासको सुरुमै आदिमन्दिरमा प्रवचन दिने क्रममा उसले शून्यवादी दर्शनको व्याख्या यसरी गरेको छः

मानवीय अहम्को प्रयोगात्मक विश्लेषण आनुभाविक परीक्षण र अन्ततः बोधिज्ञानात्मक व्यवस्थापनको अहम्जन्य महत्वाकाङ्क्षा लिएर यस विशेष भूमिमा भेला भएका हामी विश्व नागरिक हौँ । म मान्छेलाई मौलिक देख्न चाहन्छु, स्वतन्त्र देख्न चाहन्छु, सृजनशील देख्न चाहन्छु । प्रत्येक मान्छे मौलिक कृति हो, अनुकृति र प्रतिकृति होइन (५९). ऊ फेरि भन्दछः अहिलेसम्म पृथ्वीमा अस्तित्त्वगत सबै धर्मले प्रेम र अहिंसाका पाठ पढाउने धुनमा अहम् मुक्तिको कपोकल्पना गरेको छ । म अहम्विरोधी सबै धर्म र दर्शनको घोर विरोध गर्दछु । कारण जीवन अहम्युक्त हुन्छ, अहम् युक्त हुन सक्दैन । म भन्छु प्रेम अप्रेम, हिंसा अहिंसा, यौन अयौन अथवा सम्पूर्ण सुखोत्पादक र दुःखोत्पादक भावना अहम्सापेक्षित भावना हुन् । सम्पूर्ण मानवीय भावनाहरू र विचारहरू अहम्केन्द्रित हुन्छन् । त्यसैले म अहम्वादी हुने शिक्षा दिन्छु । अहम् परीक्षण र विश्लेषण आमन्त्रित गर्दछु

(५९). यसरी प्रेम, घृणा, हिंसा, अहिंसा, सत्य, असत्य सबै दुःख सुखात्मक मानवीय व्यवहारहरू अहम्सापेक्षित भावनाहरू हुन्। त्यसैले अहम्युक्त जीवनमात्र सार्थक हुन्छ भन्ने प्रशान्तको धारणा रहेको छ । उसले अहम् विरोधी सबै परम्परागत मूलयमान्यताको विरोध गरेको छ। प्रेम मिलनको उत्कण्ठ अभिलाषा बोकेर मध्यरातमा प्रशान्तको कोठामा पुगेकी मार्थासमक्ष प्रशान्त भन्दछ “यो कुरा सत्य हो, पूर्वजन्ममा म कसैलाई प्रेम गर्थे । उपेक्षित भएको थिएँ, पूर्णरूपले असफल भएको थिएँ । उपेक्षित प्रेमीको रूपमा जुन सत्य मैले साक्षात्कार गरेँ त्यसैमा मेरो जीवन र दर्शन समाहित भएको छ” (८१) । यहाँ पूर्वजन्म भन्नाले जन्मान्तरण घोषणा गर्नुअघिको अवस्था हो। मार्थाले के “प्रेम नै होइन र तिम्रो सत्य” भन्दा प्रशान्त भन्दछः “एक समय प्रेम सत्य थियो, त्यसपछि दुःख सत्य र अहिले अहम् सत्य” (पृ. ८१). किन यस्तो परिवर्तन भनी प्रश्न गर्दा प्रशान्त पुनः भन्दछः “आदिमाता जीवन सत्य एक अनुभूत सत्य हो प्रयोग यसको स्वभाव हो” (पृ. ८१). प्रेममा विश्वास गर्न लागेकी मार्था प्रशान्तको भनाइप्रति असहमति प्रकट गर्दै पुनः भन्छेः “पहिले म अहम्युक्त नारी थिएँ विस्तारै प्रेमयुक्त हुन पुगेँ, प्रेम गर्न सिकेँ यो मेरो जीवनको विकासक्रम हो । तिम्रो जीवनदर्शन मानवीय दृष्टिले ठिक उल्टो छ । प्रेमको समाप्ति अहङ्कारमा हुन सक्दैन तर अहङ्कारको समाप्ति प्रेममा हुन सक्छ । म आपूmलाई क्रमशः विकास गर्दैछु । अँध्यारोबाट उज्यालोतिर अहङ्कार र वृथाभिमानबाट प्रेम मार्गमा” (८१). यसरी मार्थाको माध्यमबाट उपन्यासकारले प्रेमले नै जीवनलाई उज्यालो दिन सक्छ भन्ने सकारात्मक जीवन दृष्टिबारे स्पष्ट पारेका छन् , तर प्रशान्त भने प्रेमभन्दा पनि मानवीय अहम् नै ठूलो भएको कुरा बताउँछ। यसरी प्रेम र अहम्बिचको द्वन्द्व नै उपन्यासको मूलमर्म हो। प्रेमभन्दा अहङ्कार कसरी महान हुनसक्छ भन्ने जवाफमा प्रशान्तको तर्क यस्तो रहेको छः ”मानव जाति र सभ्यताको इतिहास साक्षी छ सबै मानवीय क्रियाकलापहरू अहमयुक्त थिए, छन् र हुनेछन् तर थिएनन र छैनन्। नेपोलियन पनि प्रेमी थिए तर इतिहासका लागि उसको प्रेमभन्दा बढी शक्तिशाली निर्णायक कुरा राजनीतिक महत्वाकाङ्क्षा र विश्वविजयको महत्वाकाङ्क्षा थियो” -(८३). मार्थाले अत्यन्त विनित भएर “प्रशान्त म क्षमाप्रार्थी हृदय बोकेर यति नजिक आएकी छु। किन अस्वीकारमाथि अस्वीकार गरिरहन्छौ। के तिमीलाई प्रेममा विश्वास नै छैन त” (८३). भन्दा प्रशान्त भन्दछ “आदिमाता प्रेममा विश्वास गर्दिन भन्दिन कारण मैले प्रेम गरेको थिएँ म प्रेममा विश्वास गर्छु तर क्षतिपूर्तिमा विश्वास गर्दिन्। कृपया मलाई क्षतिपूर्ति दिने प्रयास नगर्दिनु होला” (८३). प्रशान्तको यस्तो जवाफबाट मार्था अवाक् हुन्छिन्। उनले त यस प्रकार सोचेकी थिइनन्।

कुनै समयमा प्रेमलाई भगवान् ठान्ने प्रशान्त प्रेमबाट दुर्घटित हुनुपरे पनि जीवनलाई निराशाजनक, निरर्थक र निरूपाय ठान्न पुगेको छैन। उसले दुःख निवारणको लागि परमसत्यको मार्ग खोज्दै जाँदा अहम् सत्यलाई आफ्नो जीवन दर्शन बनायो र विभिन्न कारणबाट दुःख व्यथा बोकेर अलपत्र परेकाहरूलाई सरण दिएर छुट्टै बस्ती निर्माण गर्न पुग्यो। बस्तीमा ऊ अति बेफुर्सदी छ। शुभाशीर्वाद प्रवचन कार्य, त्यसपछि आदि श्रमशालामा केही शारीरिक श्रम गर्नुका साथै श्रमकार्यहरूको निरक्षण गर्नु, आदि शिक्षणशाला त उसको विश्वदृष्टि वा दर्शनको केन्द्र नै बनेको छ । यहाँ ऊ बढी समय व्यतित गर्दछ । दिन ढल्केपछि आदि आरोग्यशाला गएर महारोगीहरूको सेवामा लागिपर्दछ । विभिन्न कारणबाट दुःख पाएर छटपटाएकाहरूको जमघट हो पासल बस्ती। ऊ सबैको दुःख निवारण गर्न चाहन्छ। ऊ दुःखीहरूलाई करुणाको दृष्टिले हेर्दछ। उसले निराश्रितहरूलाई आश्रय दिएको छ। अशिक्षित अज्ञानीहरूलाई बाटो देखाउने कार्य गरेको छ। मार्थालाई दर्शन शिक्षणशाला अन्तर्गत शून्य सत्रको परिचय गराउने क्रममा प्रशान्तमार्फत् सरुभक्त अहम्युक्त शून्यताको वकालत यसरी गर्छन्: “शिष्यहरू जो मानवीय अहम्को ज्ञाता हुन्छन् । अन्तरमुखी ध्यानको माध्यमले स्वअहम्को अध्ययन गर्छन्। निरीक्षण परीक्षण गर्छन्। यो सर्वाधिक कठिन कार्य हो। किनभने मान्छेका लागि सबैभन्दा महत्वपूर्ण आफ्नै अहम् हुन्छ र आपैmलाई बुझ्नु सबैभन्दा गाह्रो हुन्छ। आपूmलाई जान्नु शून्य हुनु हो। आफूलाई चिन्नु शून्य हुनु हो । शून्यको उपलब्धि ज्ञानको समाप्ति हो” (११२). यसरी मानिसले आफूले चाहेको भन्दा विपरीत अवस्था आइलागेर घात प्रतिघात खप्नु पर्दछ तैपनि सात्रले भनेजस्तै उसले शून्यबोध गर्दछ र मान्छेभित्रको अहम्लाई जागृत गराएर ऊ आफ्नो अस्तित्वका लागि जुधिरहन्छ।

मार्थाद्वारा यस्तो अहम् शून्य कसरी हुन सक्छ त भनी प्रश्न गर्दा प्रशान्तमार्फत सरुभक्त भन्दछन्ः "म मेरा शिष्यहरूलाई गणितको शून्य हुनु भन्दिन । नागार्जुनले झैँ तार्किक शून्य हुनु पनि भन्दिन । म अहम्ले शून्य हुनु भन्छु । यो शून्यावस्था तब उपलब्ध हुन्छ जब मानिस अहम्ले शून्य हुन्छ परिपूर्ण हुन्छ" (११३). गम्भीर चिन्तक सरुभक्तद्वारा परिकल्पित शून्यवाद पूर्वीय र पाश्चात्य ज्ञान विज्ञान र कलासम्बन्धी वाङ्मयको अध्ययन मनन गरी तयार पारिएको नौलो सिद्धान्त हो । यस उपन्यासमा प्रयुक्त शून्यवाद नागार्जुनको शून्यवादबाट प्रभावित भए पनि यसको अनुकरण होइन । ध्वंसात्मक, नकारात्मक, जीवनलाई निरर्थक, निरूपाय र निराशायुक्त विवस लाचार ठान्ने पश्चिमी शून्यवादको अभिव्यञ्जना दिने शब्द पनि होइन । यसमा बौद्ध दर्शनको प्रेम, दया र करुणामूलक एवं निर्वाणपरक सकारात्मक जीवनदृष्टिको अभिव्यञ्जनाद्वारा मानवमा मानवीय अहम्को चेतना जगाउने इच्छा जागृत भएको छ । मान्छेले चाहेका सवै कुरा पुरा हुँदैन । प्रशान्तले पनि मार्थाको प्रेम चाहेको थियो तर, उसले सोचे जस्तो भएन । ऊ सारै दुःखी र निरास त भयो तर जीवनबाट पलायन भएर मृत्यन्मुखी भएन । उसले अस्तित्वको निम्ति अहम् शून्यलाई जीवन दर्शन बनायो, तर मार्थाले

पागल बस्तीको विषय र प्रस्तुति शिल्प अत्यन्त नवीन, मौलिक प्रयोगात्मक एवं बौद्धिक छ । यसमा स्वैरकल्पनाको अनौठो प्रयोग भएको छ । प्रेममा धोका खाएका व्यक्तिहरूको जमघटको थलो पागल बस्ती बनेको छ । आफ्नै प्रेमीबाट धोका खाएर वेश्यालयमा बेचिएकी मैचाङको आफ्नै कथा व्यथा छः पूर्वजन्ममा मलाई विहा गर्छु भनी एक जना मान्छेले कलकत्ता भगायो । ...उसले कलकत्ता पुगेपछि मलाई बेचिदियो । म रण्डीकोठीमा पुगेँ । पाँच वर्षसम्म रण्डीबजारमा मैले जीउ बेच्ने तुच्छ काम गर्नुपर्‍यो तर एक दिन म कोठीबाट भागेँ । मुस्किलले नेपाल पसेँ । त्यसपछि आदिमाता म समस्यामा परेँ कति दिनसम्म माग्दै खाँदै गरेँ । सकभर लोग्ने मानिसहरूबाट बच्दै हिँडे तर सधै यस्तो सम्भव थिएन । ......यस्तै समयमा जब म असुरक्षित, निरास र रोगग्रस्त थिएँ । भाग्यले आदिगुरु भेट हुनुभयो । उहाँले मलाई सुरक्षा र सम्मान प्रदान गर्नुभयो । (६३). कुष्ठ रोग लागेको कारणले छोरासमेत पाइसकेकी आफ्नै पत्नीले छोरोसमेत लिएर हिडेकी कारण पीडा भोग्न बाध्य रोगी पतिको ब्यथा कम मार्मिक छैन । प्रेम र अहम्को वैचारिक द्वन्द्वलाई पुष्टि गर्न जन्मान्तर घोषणाको प्रसङ्ग बनाइएको छ । जमुनाको मृत्यु हुनु जस्ता घटना भएको देखाएर प्रेमको अगाडि अहम्को विजय भएको देखाइएको छ । प्रेममूर्तिको निश्चल प्रेमलाई जमुनाद्वारा अस्वीकार गराई प्रेममूर्तिको जन्मान्तरण घोषणा गर्नु जीवन मूल्य र मान्यता विरोधि र अपाकृतिक कुरा हो । प्रेममूर्तिले प्रेमको प्रस्ताव राख्दा जमुनाले ठाडै अस्वीकार गरी उसलाई घृणा गर्ने जमुनाको प्रेममूर्तिको जन्मान्तरण गर्ने घोषणा भए लगत्तै शारीरिक अवस्था बिग्रदै गएर निक्कै नाजुक अवस्थामा पुगेको छ । डाक्टरलाई देखाउँदा मानसिक आघातले गर्दा यस्तो अवस्था भएको भनिएको छ । जमुनाको यस्तो अवस्थामा कुनै पनि हालतमा प्रेममूर्तिको जन्मान्तरण घोषणा फिर्ता लिनुपर्ने मार्थाको प्रस्तावबिच वार्तालाप हुँदा प्रशान्त आफ्नो विचार यसरी व्यक्त गर्दछः परम्पराहरू भन्छन् जीवन प्रेम र अहङ्कारको द्वन्द्व हो, यस द्वन्द्वात्मक युद्धमा प्रेमको जित अवश्यम्भावी छ । प्रेम सुकृति हो अहम् विकृति । संसारमा प्रेमको साम्राज्य स्थापना गर्न नै भगवान्हरू अवतार लिन्छन् वा युग प्रतिनिधिहरूलाई पठाउँछन् । म यस्तो सोच्दिन । म सोच्छु प्रेम र अहङ्कारबिच कुनै द्वन्द्व छैन । त्यसैले जय र पराजयको अवधारणा कपोकल्पित मात्र हो । अब यस धारणामा परिवर्‍तन आवश्यक छ ।

प्रेम निरहङ्कारी गुण होइन अहङ्कारकै एक रूप हो (१९४). प्रशान्तको कुराप्रति विरोध जनाउँदै मार्था भन्दछिन्ः "म मान्दिन मान्नै सक्तिनँ परमेश्वरको राज्यमा अहङ्कारलाई कुनै ठाउँ छैन" (१९४). यहाँ एउटा कुरा सोच्यो अर्कै भइदिन्छ । प्रेमूर्तिले जमुनालाई चाह्यो तर जमुनाले हेर्नै मानिन । प्रेममूर्तिको जन्मान्तरण घोषणाले उसको मनमा आघात पुग्यो । उसले मृत्युवरण गरी । प्रशान्तले मार्थालाई चाहन्थ्यो तर मार्थाले अस्वीकार गरी अब मार्था प्रशान्तलाई पाउन मरिमेटेर लागेकी छ । उसले क्षमा याचनादेखि आफ्नो गुमेको प्रेम पाउन अनेक प्रयत्न गर्छे । प्रशान्तले अन्य कुनै सज्जन पुरुषसँग विवाह गरी सुखी जीवन बिताउने सल्लाह दिएपछि अत्यन्त मर्माहत भई मार्था भन्दछेः "मलाई एउटै कुराको दुःख छ मैले प्रेम गरेर तिम्रो अहङ्कार मेट्न सकिन तर मलाई विश्वास छ एक दिन तिमी पछुताउनेछौ । अवश्य पछुताउने छौ । मेरो उपस्थितिमा नसही मेरो अनुपस्थितिमा । प्रेमीहरू

प्रेमीकाहरूको घाँटी निमोठुन् तर अरूसित विवाह गर्ने सल्लाह नदिऊन् यो भन्दा असह्य अपमान अरू केही छैन" (२४२). ठुलो अपमान बोध भएर आहत महसुस गरेकी मार्था आफ्नो अस्तित्वका निम्ति भोलिपल्ट ब्रह्ममहूर्तमै बस्ती छाडेर गई। यहाँ प्रेम दुर्घटित भएको छ। अहम्को जित भएको छ। क्षमाप्रार्थी भावना बोकेर मार्थाले पुनर्मिलनको प्रस्ताव राखेपछि पनि उसलाई ठुक्र्याउनु अहम् शून्यको वकालत गर्नु जीवनबाट पलायनमानसिकता नै हो।

पागल बस्तीभित्र मानवीय जीवनको अनौठो विषादपूर्ण संसार चित्रित छ। उपन्यासका प्रत्येक घटना दन्त्यकथा जस्ता लाग्छन्। कुकुर्नी विन्दुको मानवीय आचरणलाई हेर्दा सपनाजस्तो चकित लाग्दछ। स्वैरकल्पनाको संसारमा डुबुल्की मार्दै उपन्यासकारले यहाँ एक अनौठो र विचित्र दृश्य प्रस्तुत गरेका छन्। गर्भबाट अवरतण हुनेवित्तिकै मातृवियोग खप्नुपरेको गाईको बाच्छोलाई कुकुर्नीले दुध चुसाएर बचाउँछे। धन्य मातृत्वप्रेम। कुकुर्नी बिन्दुको ममताले अहङ्कारको शिर झुकाएको ठानी मार्था गर्व महसुस गर्छे तर प्रशान्त भने बिन्दुको अपार मातृत्व प्रेमलाई समेत अहम्युक्त शून्यताको सिद्धान्तसँग जोड्दै आफ्नो तर्क यसरी प्रस्तुत गर्दछः "बिन्दुको ममता सीमाङ्कित र भेदभावयुक्त छैन यो मातृअहम्को सृजनात्मक महाजागरण हो" (२१४). यसरी मानव सभ्यताका सबै पक्षहरू मानवीय अहम्द्वारा निर्मित हुन्छन् भन्ने चिन्तन नै उपन्यासको मूल आशय हो।

यस उपन्यासकी नायिका मार्था सचेत एवं प्रतिनिधिमूलक चरित्र हो। ऊ सधै पागल बस्तीलाई सुन्दर बनाउन चाहन्छे। उसले एउटी गरिब असहाय वृद्धालाई शरण दिएर आफ्नो पहिचान उच्च राखी। उसले आफ्नो गुमेको प्रेमलाई फर्काउन भरमग्दुर प्रयत्न गरी। सबैको मन जित्न सफल भई तर प्रेमीको मन जित्न सकिन। प्रेमको अगाडि अहम्को जित भयो। ऊ अत्यन्त मर्माहत भएर बस्ती नै छाडेर हिँडी। प्रशान्त अन्तर्मुखी चरित्र हो। प्रेमलाई भगवान् ठान्ने प्रशान्त प्रेमबाट तिरस्कृत भएपछि घरबार, पढाई सबै त्यागेर परमसत्यको खोजिमा हिँडेको छ। ऊ मार्थालाई अत्यन्त प्रेम गर्छ तर उसको अहम्ले वास्तविक सत्यलाई स्वीकार गर्न सकिरहेको छैन। जन्मान्तरणको घोषणा गरेर उसले सृष्टिलाई चुनोति दिएको छ। उसको आफ्नै संसार छ। ऊ अत्यन्त मिलनसार र सहयोगी छ। हेर्दै विरक्त लाग्ने कुष्ठ रोगीहरूको निश्वार्थ सेवा गरेर उसले आदर्श स्थापित गरेको छ। ऊ प्रेम गरेर होइन प्रेमोपहार दिएर मार्थालाई खुसी पार्न चाहन्छ। अहम्युक्त शून्यबोधबाट नै जीवनको सार्थकता प्राप्त हुन्छ भन्ने वैयक्तिक चिन्तन नै यस उपन्यासको मूल भाव हो। यस कुरालाई पुष्टि गर्न साकार आदिमाताको बर्हिगमनपछि प्रशान्त आफ्नो भनाइ यसरी व्यक्त गर्दछः हे मेरा परमप्रिय पुत्रपुत्रीहरू अबदेखि हामी निराकार माताको पूजा गर्नेछौँ, वन्दना गर्नेछौँ। किनभने साकार आदिमाता आफ्नो गन्तव्यमा प्रस्थान गरिसक्नु भएको छ ... हे पुत्र पुत्री हो हामीलाई थाहा छ साकार आदिमातालाई सजिलैसित विर्सन सकिँदैन। त्यसैले हामी पनि यो बस्ती परित्याग गरेर जानेछौँ। म सत्य सत्य भन्छु जीवनको सार्थकता भनेको अहम्को शून्यता हो। हे मानव अहम्हरू हामी शून्यतामा आदिमाताको पूजा गर्नेछौँ। वन्दना गर्नेछौँ। आदिमाता शून्य छ महाशून्य महाशून्य महाशून्य (२४३). प्रममूर्तिका रूपमा स्थापित भएकी साकार आदिमाताको अनुपस्थिति प्रशान्तको लागि सहज भएको छैन साकार आदिमातालाई निष्काशित गरेर उसैलाई सम्झदै निराकार आदिमाताको पूजा वन्दना गर्नु भनेको उसको अहम्ले वास्तविक सत्यलाई स्वीकार गर्न नसक्नु हो। त्यसैले उसले सजिलै आदिमातालाई बिर्सन नसकिने हुनाले यो बस्ती नै छाडेर जाने कुरा गर्दछ। ऊ शून्यतामा आदिमाताको पूजा, वन्दना गर्न चाहन्छ।

यहाँ एकातिर बौद्ध दर्शनको प्रभावबाट मानिसलाई आदिम आवेग मुक्त, निश्वार्थी, परोपकारी, विनयी, स्वतन्त्र, मौलिक, सृजनशील, सुशील, सुसभ्य, र सहनशीलता जस्ता गुणले युक्त परमज्ञानी बनाउनुपर्छ भन्ने भावना क्रियाशील छ। प्रेममा विश्वास गर्नुपर्छ तर क्षतिपूर्तिमा विश्वास गर्नुहुदैन। अहम्केन्द्रित प्रेमयुक्त मानवताद्वारा मात्र मानवीय सभ्यता सुव्यवस्थित र सुसंस्कृत बन्न सक्छ र मानव जीवन पनि सार्थक बन्दछ भन्ने सन्देश उपन्यासले दिन खोजेको देखिन्छ, तर आफुले चाहेको कुरा पुरा नहुने बित्तिकै घर परिवार पढाइ छाडेर बेपत्ता हुनु, जन्मान्तरण भएको घोषणा गर्नु, परम्परागत मूल्यमान्यता, दर्शन सबै अमान्य ठान्नु र अहम् शून्यलाई नै सर्वोपरी ठानेर आत्मप्रायश्चित गरेर गुमेको प्रेम प्राप्त गर्न आएकी मार्थाको प्रेमलाई स्वीकार गर्न

नसक्नु, पे्रममूर्तिको जन्मान्तरणको घोषणा गर्नु, प्रेमलाई भन्दा अहङ्कारलाई मान्यता दिनु जस्ता घटनाबाट जीवनको मूल्य र मान्यता विरोधि चेतनाको विकास भएको पाइन्छ ।

**निष्कर्ष**

बहुविधाका सर्जक सरुभक्तको 'पागल बस्ती' शून्यवादी दर्शनमा आधारित उपन्यास हो । अहम्युक्त शून्यबोधबाट नै जीवनको सार्थकता मिल्दछ भन्ने दार्शनिक चिन्तनबाट अभिप्रेरित भएर लेखिएको यस उपन्यासका नायक प्रशान्त र नायिका मार्था हुन् । विद्यालयदेखि उच्च शिक्षासम्म एकैसाथ अध्ययन गरेका यी दुई बाल सखा हुन् । उच्च शिक्षा अध्ययन गर्ने क्रममा बाल्यकालदेखि नै प्रेममूर्तिको रूपमा सजाइएकी मार्थासँग प्रेम प्रस्ताव राख्दा मार्थाले अस्वीकार गरेपछि अपमान बोध गरी दुःख निवारणका निम्ति घर परिवार सबै त्यागेर परमसत्यको खोजिमा निस्केको छ । उसले अहम् सत्य नै परमसत्य हो भनी अहम्युक्त शून्यवादलाई आफ्नो जीवन दर्शन बनाएको छ । उसले प्रतिपादन गरेको जीवन दर्शन पश्चिमी जगत्मा देखा परेको नकारात्मक अर्थ दिने निराशाजनक शून्यवादी दर्शन नभएर बौद्ध दर्शनको शून्यवादसँग नजिक रहेको पाइन्छ तर त्यसको पूर्णरूपले अनुकरण भने होइन भन्ने उपन्यासकारको भनाइ रहेको छ ।

उपन्यासमा मानवीय प्रेम र अहम्को वैचारिक द्वन्द्व देखाएर बौद्ध दर्शनको प्रेम, दया, करुणामूलक जीवनदृष्टिको अभिव्यञ्जनाद्वारा मानवीय अहम् जगाउने प्रयत्न गरिएको छ । अहम्केन्द्रित प्रेमयुक्त मानवताद्वारा मात्र मानवीय सभ्यता सुव्यवस्थित र सुसंस्कृत बन्न सक्छ र मानव जीवन पनि सार्थक बन्दछ भन्ने सन्देश उपन्यासले दिन खोजेको देखिन्छ, तर आफुले चाहेको कुरा पुरा नहुने बित्तिकै घर परिवार पढाइ छाडेर बेपत्ता हुनु, जन्मान्तरण भएको घोषणा गर्नु , परम्परागत मूल्यमान्यता, दर्शन सबै अमान्य ठान्नु र अहम् शून्यलाई नै सर्वोपरी ठानेर आत्मप्रायश्चित गरेर गुमेको प्रेम प्राप्त गर्न आएकी मार्थाको प्रेमलाई स्वीकार गर्न नसक्नु, प्रेममूर्तिको जन्मान्तरणको घोषणा गर्नु, प्रेमलाई भन्दा अहङ्कारलाई मान्यता दिनु जस्ता घटनाबाट जीवनको मूल्य र मान्यता विरोधी चेतनाको विकास भएको पाइन्छ । त्यसैले प्रस्तुत उपन्यासमा उपन्यासकारको अहमयुक्त शून्यवाद, नागार्जुनको बौद्ध दर्शन, शङ्कराचार्यको वेदान्तीय दर्शन,र सात्रको अस्तित्ववादी शून्यवादी दर्शनको समेत कुनै न कुनै रूपमा प्रभाव परेको पाइन्छ ।

**सन्दर्भ सामग्री**

आचार्य, नारायणप्रसाद (२०७३). पौरस्त्य दर्शनमा भौतिकवाद. काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

उपाध्याय, केशवप्रसाद (२०६१). नेपाली नाटक र नाटककार. ललितपुर: साझा प्रकाशन ।

शर्मा, गोपिकृष्ण (२०५१). "पागल बस्ती वस्तु र शिल्पको नयाँ प्रयोग". गरिमा समालोचना विशेषाङ्क= ललितपुर: साझा प्रकाशन ।

सरुभक्त (२०६०). पागल बस्ती.(चौ.सं.) ललितपुरः साझा प्रकाशन ।

साङ्कृत्यान, राहुल (सन् १९६१). दर्शन दिग्दर्शन. (तृ.सं. इलाहवादः किताब महल ।

Cuddon, J.A. -1992). *The Penguin Dictionary of Literary Terms and Literary Theory*. Fourth Edition. Penguin Books.